## वुटवल उपमहानगरपालिकाको

# विनियोजन ऐन, २०८२

वुटवल उपमहानगरपालिका

रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# विनियोजन ऐन, २०८२

<u>प्रस्तावना:</u> वुटवल उपमहानगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम वुटवल उपमहानगरपालिकाको नगर सभाको सत्रौं अधिवेशनले यो ऐन बनाएको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "वुटवल उपमहानगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन विक्रम सम्बत २०८२ श्रावण १ गतेवाट प्रारम्भ हुनेछ ।

२.<u>आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार</u>: (१) आर्थिक वर्ष २०८२।०८३ मा नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३,३६,१३,८०,०००।०० (तिन अरब छत्तिस करोड तेह्र लाख असि हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

उक्त रकम बाहेक संघीय सरकार, प्रदेश सरकार र अन्य स्रोतवाट थप प्राप्त हुने रकमलाई सञ्चित कोषमा आम्दानी गर्न र रकम प्राप्त हुदा तोकिए बमोजिमका शीर्षकहरुमा खर्च गर्न उक्त सीमाले बाधा पुगेको मानिने छैन ।

३. <u>विनियोजन:</u> (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त वुटवल उपमहानगरपालिकाको नगरकार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा सार्न तथा एक वा सोभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा व्याज भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।